# पाँचखपन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सङ्खुवासभा
# कोशी प्रदेश, नेपाल

पाँचखपन नगरपालिका




# सूचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए अनुसार
# सम्पादित कार्यको दोस्रो त्रैमासिक बुलेटिन
## आ.व. २०८१/०८२

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

पाँचखपन नगरपालिकासँग सम्बन्धित आ.व. २०[illegible] कार्तिक १ देखि पुस मसान्तसम्मको

**अद्यावधिक सूचना**

**(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) को प्रयोजनका लागि)**

## १. निकायको परिचयः

नेपालको संविधानमा मुलुकको मूल संरचना संघीय शासन व्यवस्था अनुरुप तीन तहको हुने उल्लेख गरिएको छ। संविधानतः मुलुकको राज्य शक्तिको प्रयोग समेत यी तीन वटै तहबाट हुने अवस्था सुनिश्चित गरिएको छ। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा यी तहहरुको एकल तथा संयुक्त अधिकारक्षेत्रको समेत व्यवस्था गरिएको छ। संविधानमा उल्लेख गरिएका व्यवस्था तथा संविधान प्रदत्त कार्य भूमिका निर्वाहका लागि विभिन्न प्रकारका नीतिगत तथा कानूनी व्यवस्थाका साथै संस्थागत संरचनाहरुको स्थापना तथा व्यवस्थापन गरिएको छ। सो अनुरुप तत्कालीन समयका स्याबुन, वाना तथा जलजला गा.वि.स.लाई एकीकृत गरी पाँचखपन नगरपालिकाको स्थापना २०७३ सालमा भएको हो।

सार्वजानिक सेवा प्रवाह लगायत मुलुकको शासन व्यवस्थालाई नागरिक तथा जनताहरुको नजिकैबाट प्रदान गर्न स्थानीय तहः गाँउपालिका तथा नगरपालिकाको भूमिका महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ। संघ तथा प्रदेश तहको योजना तथा नीति अनुरुप नीति, योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दै साधनस्रोतको व्यवस्थापन र परिचालन गरी नागरिकको जीवनस्तर सूधार गर्न आवश्यक आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्नु पर्ने दायित्व स्थानीय तहको रहेको छ। नेपालको संविधान, आवधिक योजना लगायतका नीतिगत संरचनाहरुमा स्थानीय तहरु प्रभावकारी सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन, शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाहरु प्रदान गर्न समेत प्रमुख आधारका रुपमा स्थापित गरिएको छ।

स्थानीय तहसँग सम्बन्धित नीतिगत तथा कानूनी संरचनाहरुमा उल्लेखित दायित्व र अपेक्षित भूमिका निर्वाह गर्नका लागि पाँचखपन नगरपालिका अग्रसर रहेको छ। यसका लागि नगरपालिकाले निजी क्षेत्र, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य र साझेदारी गरी रहेको छ। नेपाल सरकारले लिएको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्यका साथै संघ, प्रदेश र स्थानीय तहका आफ्नै नीतिगत तथा संस्थागत व्यवस्थाहरुले नगरपालिकाको नियमित, आकस्मिक तथा विकासात्मक कार्यका साथै नगरपालिकाको समग्र पक्षहरुको व्यवस्थापन र परिचालन गर्न नगरपालिका अग्रसर रहेको छ।

पाँचखपन नगरपालिकामा जम्मा १४ वटा शाखाहरुबाट नगरपालिकाका विभिन्न प्रकारका सेवा तथा कार्यहरु सम्पादन हुने गरेको छ। यसका साथै नगरपालिकालाई ९ वटा वडामा विभाजन गरी आवश्यक कार्य जिम्मेवारी कानूनतः हस्तान्तरण गरिएको छ। नगरपालिकामा मूलत: प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, प्राविधिक शाखा लगायत पञ्जीकरण तथा सामाजिक सूरक्षा इकाई, स्वास्थ्य शाखा, शिक्षा शाखाको व्यवस्था गरिएको छ।

## २. निकायको कार्यक्षेत्र

स्थनीय तहको कार्य जिम्मेवारी र कार्यक्षेत्रको सीमा अत्यन्तै वृहत् रहेको छ। पाँचखपन नगरपालिकाको कार्यक्षेत्र मूलतः संघ तथा प्रदेश तहका नीति, योजना र कार्यक्रमको कार्यान्वयन, प्रभावकारी सार्वजनिक सेवाको प्रवाह, विकास व्यवस्थापन, राजस्व परिचालन गर्दै शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायत समग्र पक्षहरुको प्रभावकारी व्यवस्थापन र स्थानीय सुशासन कायम गर्नु रहेको छ। पाँचखपन नगरपालिकाको समग्र कार्यक्षेत्रसम्बन्धी व्यवस्था नेपालको संविधान, आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन लगायत पाँचखपन नगरपालिकाको

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका


आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। समग्रमा पाँचखपन नगरपालिकाको कार्यक्षेत्रलाई देहायानुसार प्रस्तुत गर्न सकिन्छः

- नेपालको संविधान, अनुसूची ८ मा उल्लिखित एकल अधिकारका क्षेत्रहरु
- नेपालको संविधान, अनुसूची ९ मा उल्लिखित साझा अधिकारका क्षेत्रहरु

## ३. निकायको संगाठनिक स्वरुप\संरचनाः

नगरपालिकाको सर्वोच्च निकायको रुपमा नगर सभा रहेको छ। नगर कार्यपालिकाले कार्यपालिकीय शक्तिको प्रयोग गर्ने र न्यायिक समितिले सीमित न्यायिक अधिकारको प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ। यस सम्बन्धी थप स्पष्टता देहायानुसार प्रस्तुत गरिएको तालिकाबाट हुने विश्वास गर्न सकिन्छः

### पाँचखपन नगरपालिकाको संगठनिक स्वरुप (तालिका)




## ४. नगरपालिकामा रहेका विभिन्न शाखाहरुः

सार्वजनिक सेवालाई प्रभावकारी ढंगबाट नागरिकहरु सामु पुऱ्याउन पाँचखपन नगरपालिका दत्तचित्त रहेको छ। यसका लागि विभिन्न शाखा तथा उपशाखाहरुको गठनसँगै सम्पर्क व्यक्तिसमेत तोकिएको छ। हाल यस कार्यालयमा रहेका शाखाहरु देहायानुसार रहेका छन् :

क. प्रशासन शाखा,
ख. योजना शाखा,
ग. प्राविधिक शाखा,
घ. स्वास्थ्य शाखा,
ङ. पंजीकरण तथा सामाजिक सुरक्षा इकाई,
च. महिला, वालवालिका तथा समाज कल्याण शाखा,

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

छ. आर्थिक प्रशासन शाखा,

ज. शिक्षा, युवा तथा खेलकुद शाखा,

झ. खानेपानी तथा सरसफाई शाखा/WASH sector

ञ. स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र

ट. सुचना प्रविधि शाखा,

ठ. जिन्सी शाखा,

ड. कृषि विकास शाखा,

ढ. पशुपञ्छी विकास शाखा,

ण. प्रधानमन्त्री रोजगार कार्यक्रम,

त. उद्यम विकास शाखा

थ. अमिन शाखा

**५. निकायमा रहेको दरबन्दी तेरीजः**

**पाँचखपन नगरपालिका, संखुवासभा**

**नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरीज**

| क्र.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरबन्दी | पूर्ति भएको | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | १ | 0 | रा.प.तृतिय पदद्धारा पदपुर्ति |
| २ | अधिकृत | ९।१० | शिक्षा | शि.प्र. | | १ | 0 | १ | |
| ३ | सि.डि.ई. | ९।१० | ईञ्जि. | सिभिल | | १ | 0 | १ | |
| ४ | अधिकृत | ७।८ | प्रशासन | सा.प्र. | | १ | १ | 0 | |
| ५ | लेखा अधिकृत | ७।८ | प्रशासन | लेखा | | १ | 0 | १ | |
| ६ | अधिकृत | ७।८ | शिक्षा | शि.प्र. | | १ | 0 | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७।८ | स्वास्थ्य | ज.स्वा. | | १ | 0 | १ | ज.नि छैटौं |
| ८ | ईञ्जीनियर | ७।८ | सिभिल | सिभिल | | १ | 0 | १ | ई. छैंठौ |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | २ | 0 | २ | |
| १० | आ.ले.प. | ५ | प्रशासन | लेखा | | १ | 0 | १ | |
| ११ | प.हे.न. | ५।६ | स्वास्थ्य | क.न. | | १ | १ | 0 | |
| १२ | हेल्थ असिस्टेन्ट | ५।६ | स्वास्थ्य | हे.अ. | | १ | १ | 0 | |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | 0 | ५ | |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | १ | १ | 0 | |
| १५ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | १ | 0 | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | १ | 0 | |

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सब-ईञ्जीनियर | ५ | ईञ्जी. | सिभिल | | २ | ० | २ | २ पद करार मार्फत पदपूर्ति |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | १ | ० | |
| १९ | अमिन | ४ | ईञ्जि. | सर्भे | | १ | ० | १ | करार मार्फत पदपूर्ति |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | २ | ० | २ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | सा.प्र. | | १ | ० | १ | |
| २२ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | ० | १ | राजिनामा |
| | | | **कार्यालयतर्फ जम्मा** | | | २९ | ८ | २१ | |
| | **वडा कार्यालयतर्फ (९ वटा वडा)** | | | | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ४ | २ | २ | |
| २ | सब-ईञ्जीनियर | ५ | ईञ्जि. | सिभिल | | ४ | २ | २ | |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ५ | ४ | १ | |
| ४ | अ. सब-ईञ्जीनियर | ४ | ईञ्जि. | सिभिल | | ५ | २ | ३ | |
| | | | | | | | | | |
| | | | **वडा कार्यालयतर्फ (९ वटा वडा) जम्मा** | | | १८ | १० | ८ | |
| | | | **नगर कार्यपालिकाको कार्यालयतर्फ जम्मा** | | | २९ | ८ | २१ | |
| | | | **कूल जम्मा** | | | ४७ | १८ | २९ | |

**यस पालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण:**

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | जिवन श्रेष्ठ | सूचना प्रविधि अधिकृत (छैंठौं) | |
| २ | सुदेश राई | रोजगार संयोजक (अधिकृत स्तर छैंठौं) | |
| ३ | शशी भुषण यादब | कृषी स्नातक (अधिकृत स्तर छैंठौं) | |
| ४ | रवि किरण राई | MIS अपरेटर (सहायकस्तर पाँचौं) | |
| ५ | तारा कुमार श्रेष्ठ | प्राविधिक सहायक | |
| ६ | सन्देश श्रेष्ठ | प्राविधिक सहायक (सहायक स्तर पाँचौं) | |
| ७ | खगेन्द्र राई | स.ई सहायक स्तर पाँचौं | |
| ८ | डाइमण्ड पुरी | स.ई सहायक स्तर पाँचौं | |
| ९ | हिमाल श्रेष्ठ | अमिन सहायक स्तर चौथो | |
| १० | तारा श्रेष्ठ | ना.प्र.स. सहायक स्तर चौथो | |
| ११ | विष्णु विश्वकर्मा | उद्यम विकास सहजकर्ता सहायक स्तर चौथो | |
| १२ | निश्चल श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | |

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

| | | | |
|---|---|---|---|
| १३ | मनिता दाहाल | अपाङ्गता सहजकर्ता | |
| १४ | महेश तामाङ | नगर प्रमुखको स्वकीय सचिव | |
| १५ | राजेश खड्का | नगर उप-प्रमुखको स्वकीय सचिव | |
| १६ | सुजन थापा | हलुका सवारी चालक | |
| १७ | पवन श्रेष्ठ | Backhole loader चालक | |
| १८ | हिमाल खनाल | कार्यालय सहयोगी | |
| १९ | मिलन तामाङ | कार्यालय सहयोगी | |
| २० | भानुसागर राई | कार्यालय सहयोगी | |
| २१ | कुलदेवी न्यौपाने | कार्यालय सहयोगी | |
| २२ | सोबितमान श्रेष्ठ | कार्यालय सहयोगी | |
| २३ | हरिराम खड्का | कार्यालय सहयोगी | |
| २४ | डम्बर बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | |
| २५ | राज गुरुङ | कार्यालय सहयोगी | |
| २६ | सुवास प्रसाद पोखरेल | कार्यालय सहयोगी | |
| २७ | नेत्र कुमारी थापा श्रेष्ठ | कार्यालय सहयोगी | |

## ६. निकाय संबद्ध ऐन, नियम तथा निर्देशिका/कार्यविधिः

पाँचखपन नगरपालिकाले आफ्ना काम कारवाहीलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन निम्न अनुसारका ऐन, नियम तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छः

- पाँचखपन नगरपालिकाको वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०
- पाँचखपन नगरपालिकाको अपाङ्ग भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरण कार्यविधि, २०७८
- उपभोक्ता समितिहरुको गठन, परिचालन तथा व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६
- कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवशायी इजाजत पत्र सम्बन्धी नियमावली, २०७८
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- टोल विकास संस्था व्यवस्थापन ऐन, २०७८

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

- पाँचखपन नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७९
- पाँचखपन नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७९
- पाँचखपन नगरपालिकाका पदाधिकारीहरुको आचारसंहितासम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम,
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट
- पाँचखपन नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०७९
- पाँचखपन नगरपालिकाको विनियोजन ऐन, २०८०
- पाँचखपन नगरपालिकाको आर्थिक ऐन, २०८०
- पाँचखपन नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको प्रोत्साहन भत्तासम्बन्धी नियमावली, २०७९
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- आपङ्गता परिचय पत्र वितरण नियमावली, २०७८
- पाँचखपन नगरपालिकाबाट गरिने बजार अनुगमन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको पशुपन्छी सेवा सञ्चालन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन नियमावली, २०७८
- न्यायिक समिति कार्य सञ्चालन ऐन, २०७८
- लैंगिक हिंसा निवारण कोष सञ्चालन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको सहकारी ऐन, २०७८
- पाँचखपन नगरपालिकाको जलस्रोत व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८
- पाँचखपन नगरपालिकाको शिक्षा ऐन, २०७८
- पाँचखपन नगरपालिकाको शिक्षा नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको निर्णय वा आदेश अधिकारपत्रको प्रमाणीकरण ऐन, २०७८
- पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८०
- पाँचखपन नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७८
- पाँचखपन नगरपालिको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

७. शाखागत रुपमा सम्पादन भएका मुख्य कार्यहरुको विवरण:

**यस कार्यालयको विभिन्न शाखाहरुबाट सम्पादन भएका कार्यहरु शाखागतरुपमा देहायानुसार प्रस्तुत गरिएको छ।**

**७.१ प्रशासन, योजना, प्राविधिक शाखा:**

क. दैनिक प्रशासनिक कामकाज भएको,
ख. घ वर्गको निर्माण व्यवसायि इजाजत पत्र १वटा नविकरण भएको,
ग. कृषी तथा पशुपालन समुह ३ वटाको नविकरण,
घ. ५६ वटा टोल विकास संस्था नविकरण भएको,
ङ. ३ वटा सहकारी संस्था नवीकरण खानेपानी उपभोक्ता तथा सरसफाइ समिति नविकरण
च. २ वटा संस्था दर्ता भएका,
छ. १६९ टोल विकास संस्था रहेका
ज. टोल विकास संस्थाहरु दर्ता/नविकरण गर्ने काम भइरहेको,

**७.२ आर्थिक प्रशासन शाखा:**

| क्र.स. | क्षेत्र/उपक्षेत्र | विनियोजन (रु.) | खर्च (रु.) | खर्च(%) | मौज्दात (रु.) |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,७१,९३,०००.०० | १५,०३,४७८.०० | ८.७४ | १,५६,८९,५२२.०० |
| २ | सामाजिक विकास | २५,८०,४९,१३६.०० | १०,४२,२२,३६२.०४ | ४०.३९ | १५,३८,२६,७७३.९६ |
| ३ | पूर्वाधार विकास | ९,५३,४५,६७९.०० | ६९,५४,४९८.०० | ७.२९ | ८,८३,९१,१९९.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,५६,३३,०००.०० | २६,२०,५९८.०० | १६.७६ | १,३०,१२.४०२.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,०१,८४,०१५.०० | ३,३९,४२,९२८.८४ | ४२.३३ | ४,६२,४१,०८६.१६ |
| कुल जम्मा | | ४६,६४,०४,८४८.०० | १४,९२,४३,८६४.८८ | ३१.९९ | ३१,७१,६०,९८३.१२ |

**७.३ स्वास्थ्य शाखा:**

- नियमित मासिक बैठक संचालन,
- मासिक Data verification र $DHIS_2$ मा प्रविष्ट,
- स्वास्थ्य कार्यालय तथा प्रदेशबाट संचालित कार्यक्रममा सहभागी,
- स्वास्थ्य संस्थाहरुको अनुगमन र सुपरीवेक्षण,
- औषधी खरिद तथा समुचित वितरण,
- कार्यालयको दैनिक महत्वपूर्ण प्रशासनिक तथा प्राविधिक कामकाज।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

### ७.४ शिक्षा शाखाः

क. दोस्रो त्रैमासिक तलब भत्ता निकासा रु. २,९८,०३,६८३/-

ख. दोस्रो त्रैमासिक शैक्षिक अनुदान निकासा रु. ३०,५४,८२३/-

ग. दिवा खाजा बापतको रकम निकासा रु.९,२२,८९०/-

घ. नियमित प्र.अ. बैठक संचालन,

ङ. शिक्षा समिति बैठक संचालन,

### ७.५ पञ्जिकरण इकाई:-

क. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको नामावली अद्यावधिक,

ख. बायोमेट्रिक डिभाइस खरिद,

ग. आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण,

### ७.६ प्रधानमन्त्री रोजगार कार्यक्रमः

- आ.व. २०८१/८२ को मासिक प्रगति प्रतिवेदन आर्थिक, वित्तीय विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट,
- आ.व. २०८१/८२ मा सुचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूची सार्वजनिक,
- आ.व. २०८१/८२ मा रोजगारी सिर्जनाका लागि आयोजनाहरु सिफारिस संकलन,
- कार्यस्थलमा आधारित सीप/क्षमता विकास, जीवन उपयोगी सीप तालिमको (RFQ) आह्वान,
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको पुन: श्रम स्वीकृतीमा सहजीकरण।

### ७.७ महिला विकास शाखाः

क. अपाङ्गता परिचयपत्र वितरण ४ जनालाई उपलब्ध गराइयो जसमध्ये रातो १ जनालाई, निलो २ जनालाई, पहेलो १ जनालाई र सेतो १ जनालाई

ख. अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइ सहायक सामाग्री वितरण गरियो,

ग. अपाङ्गता भएका व्यक्ति रोमन मादेनलाई नागरिकता बनाउनलाई सहजीकरण गरियो

**न्यायिक अन्तर्गत**

१. मुद्धा दर्ता- जम्मा ४ (ज्याला मजदुरी नदिइएको, सिमाना विवाद, लेनदेन र घरेलु हिँसा)

२. मेलमिलाप गरिएको –जम्मा २ (ज्याला मजदुरी नदिइएको र लेनदेन)

३. छलफल हुन बाँकी- जम्मा २ ( सिमाना विवाद र घरेलु हिँसा)

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचथर नगरपालिका

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाना संखुवासभा
स्था-२०७२

**७.८ उद्यम विकास शाखाः**

क. पाँचखपन नगरपालिका वडा नं. ३ मा पुराना लघु उद्यमीको स्तरोन्नति आवश्यकता पहिचान गर्ने कार्य सम्पन्न भयो,

ख. पाँचखपन नगरपालिका वडा नं.३ को महादेव दुना टपरी लघु उद्यमी समूहको मासिक बैठकमा बचत प्रणालीमा सहजिकरण गर्ने काम भयो,

ग. पाँचखपन नगरपालिका वडा नं.२ र ८ मा नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि वडा छनौट भयो,

घ. वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो,

ङ. उद्यम विकासका लागि सामाजिक परिचालन कार्यक्रम सम्पन्न भयो ।

**७.९ कृषि विकास तथा पशुपन्छी सेवा शाखाः**

**कृषि शाखा अन्तर्गत**

कार्तिक देखि पौष मसान्त सम्मको त्रैमासिक प्रगति प्रतिवेदन

कृषि विकास शाखा, पाँचखपन नगरकार्यपालिकाको कार्यालय, वाना , संखुवासभा

आ.व. :२०८१/८२

| क.स. | शीर्ष | विनियोजित बजेट | कार्यक्रम सम्पन्न प्रतिवेदन गरिएको त्रैमासिक अवधिको | कार्यक्रम अन्तर्गत हालसम्म भएको खर्च | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| (क) | सशर्त अनुदान को कार्यक्रम | २३,००,०००/- | त्रैमासिक | ० | ० |
| १. | किसान सूचीकरण कार्यक्रम | ५,००,०००/- | त्रैमासिक | ० | ० |
| २. | सख्खर उत्पादन कार्यक्रम उखुखेती प्रवर्धन तथा | १५,००,०००/- | त्रैमासिक | ० | ० |
| ३. | कफी खेतीप्रवर्दन कार्यक्रम | ३,००,०००/- | त्रैमासिक | ० | ० |
| (ख) | वित्तीय समानीकरण तर्फको कार्यक्रम | २२,००,०००/- | त्रैमासिक | ० | ० |
| १. | बेकडीमिया नट बिरुवा खरिद। ढुवानी तथा वितरण कार्यक्रम | ११,२५,०००/- | त्रैमासिक | ० | ० |
| २. | घुम्ती स्थलगत तालिम | १,००,०००/- | त्रैमासिक | | |
| ३. | अगुवा कृषक तालिम | १,००,०००/- | त्रैमासिक | १,००,०००/- | ३० जना अगुवा कृषक |
| ४. | हिउँदे तरकारी बिऊ खरीद,ढुवानी तथा वितरण कार्यक्रम | १,५०,०००/- | त्रैमासिक | ० | ० |
| ५. | आकस्मिक बाली संरक्षणको लागि बिषादी,ल्युर,हर्मोन तथा मल्टी मिनरल्स खरीद,ढुवानी तथा वितरण कार्यक्रम | २,००,०००/- | त्रैमासिक | ० | ० |
| ६. | आलुको बिऊ खरीद तथा वितरण कार्यक्रम | ३,७५,०००/- | त्रैमासिक | ० | ० |
| ७. | प्याज बिऊ कसे खरीदी,ढुवानी तथा वितरण कार्यक्रम | ३०,०००/- | त्रैमासिक | ० | ० |

शशी भुषण यादव
कृषि स्नातक

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## पशुपन्छी सेवा शाखा अन्तर्गत

कार्तिक देखि पौष मसान्त सम्मको त्रैमासिक प्रगति प्रतिवेदन

पशु सेवा शाखा, पाँचखपन नगरकार्यपालिकाको कार्यालय, थाना , संखुवासभा

आ.व. :२०८१/८२

| क.स. | स्रोत | विनियोजित बजेट | कार्यक्रम सम्पन्न प्रतिवेदन गरिएको त्रैमासिक अवधिको | कार्यक्रम अन्तर्गत हालसम्म भएको खर्च | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| (क) | वित्तीय समानीकरण तर्फको कार्यक्रम | ८,००,०००/- | त्रैमासिक | ० | ० |
| १. | पशुपंक्षी औषधि खरिद तथा वितरण कार्यक्रम | २,००,०००/- | त्रैमासिक | ० | ० |
| २. | कृत्रिम गर्भाधान कार्यक्रम | १,५०,०००/- | त्रैमासिक | ५०,०००/- | २५ |
| ३. | रेविज रोग नियन्त्रण कार्यक्रम | १,००,०००/- | त्रैमासिक | ० | ० |
| १. | रेफ्रिजेरेटर खरिद | ५०,०००/- | त्रैमासिक | ० | ० |
| २. | पशुपंक्षीहरुमा लाग्ने प्रमुख रोग सम्बन्धी तालिम | १,००,०००/- | त्रैमासिक | ० | ० |
| ३. | आकस्मिक रोग नियन्त्रण कार्यक्रम | २,००,०००/- | त्रैमासिक | ० | ० |

दिपेश पौडेल
नायब पशु सेवा प्राविधिक

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## ७.१० राजस्व शाखा

आ.व. २०८१/८२

2/2/25, 3:37 PM SuTRA

### पाँचखपन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय, संखुवासभा
कार्यालयको कोड : ८०१०४४०४३००

#### राजस्व शीर्षक अनुसार संकलन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१०/२०

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१४ | भुमिकर/मालपोत | २,५०,६१०.२१ | |
| २ | ११३१७ | वहाल कर | ९,३९३.६५ | |
| ३ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ५००.०० | |
| ४ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ३,५००.०० | |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १,२००.०० | |
| ६ | ११६९१ | अन्य कर | २९,४३७.०० | |
| ७ | १४२१६ | निजी धारा वापतको शुल्क | १,५२,३५७.०० | |
| ८ | १४२२१ | न्यायिक दस्तुर | ६००.०० | |
| ९ | १४२२४ | परीक्षा शुल्क | १,०००.०० | |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७४,९८०.०० | |
| ११ | १४२४२ | नक्सापास दस्तुर | १,०००.०० | |
| १२ | १४२४३ | सिफारिश दस्तुर | ६,७१,३१२.०० | |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,११,९८०.०० | |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३३,५२०.०० | |
| १५ | १४२४९ | अन्य दस्तुर | ४८,३७०.०० | |
| १६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,०३,७१०.०० | |
| १७ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | १००.०० | |
| १८ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ६,०००.०० | |
| १९ | १४५२९ | अन्य राजस्व | ४,९०,२२०.०० | |
| २० | १४६११ | व्यवसाय कर | ६५०.०० | |
| | | जम्मा | २१,७८,४३९.९४ | |

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः



मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत



बिनोद कुमार चन्द
सूचना अधिकारी

सूचना प्रकाशन मिति २०८१ मंसिर २३ गते